तारा खोला गाउँपालिका

आ. व. २०७६।०७७को नीति तथा कार्यक्रम

*"कृषि, वन, खनिज र पर्यटन उद्यमशीलताका लागि सबल पूर्वाधारः*
*समृद्ध, समन्यायीक ताराखोला विकासको मूल आधार"*

# आर्थिक वर्ष २०७६\०७७ को
# नीति तथा कार्यक्रम



ताराखोला गाउँपालिका
अर्गल, बाग्लुङ
नेपाल

# ताराखोला गाउँपालिका
# आ. व. २०७६।०७७को नीति तथा कार्यक्रम

**सभाका अध्यक्ष ज्यू,**

बिभिन्न कालखण्डमा भएका आन्दोलन, सशस्त्र जनयुद्ध, जनआन्दोलन द्वारा स्थापित संघीय लोकतान्तान्त्रिक गणतन्त्रको स्थापना भएपछि जारी संविधान बमोजिम स्थापित स्थानीय सरकारमा निर्वाचित भएको हामी तेस्रो वर्षमा प्रवेश गर्दैछौ, लामो समय सम्म जनप्रतिनिधी विहिन स्थानीय निकायहरुमा संस्थागत र नीतिगत संरचनाहरुको अभाव तथा दक्ष जनशक्तिको अभावको बावजुद शुरु भएको स्थानीय सरकारमा जनप्रतिनीधिहरुको उपस्थिति, स्वायत्तता, संवैधानिक अधिकारले स्थानीय आवश्यकता अनुसारको कार्यक्रम कार्यन्वयन गर्ने अवसर प्राप्त भएको छ ।समृद्ध गाउँपालिका निर्माण अभियानको तेस्रो वर्षमा प्रवेश गर्दैगर्दा दुई वर्षको नीति तथा कार्यक्रम कार्यन्वयनबाट भौतिक पुर्वाधार निर्माण, आय आर्जन नितिगत र संस्थागत सुधारका कार्यक्रम कार्यन्वयन भएका छन् ।आय आर्जन र रोजगारी श्रृजना गरी गरिवी निवारण गर्नु हाम्रो पहिलो प्राथमिकता भएकोलेहाम्रा नीति तथा कार्यक्रमलाई गरिवी निवारण तर्फ उन्मुख गराउने प्रयास गरिएको छ । । संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न जनआन्दोलन र जनयुद्धमा बलिदान दिने ज्ञात अज्ञात शहिद प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै जनआन्दोलन र जनयुद्धका घाइते तथा बेपत्ताका परिवार एवं आफन्तजनहरुलाई स्मरण गर्दै आगामी आर्थिक वर्ष २०७६\०७७ को नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्न चाहन्छु ।

## खण्ड एक
## परिचय

### १.१. गाउँपालिकाको परिचय

साविक अमरभुमि, अर्गल, हिल, तारा गाविसहरु मिलेर नेपाल सरकारको मिति २०७३\११\२७ को राजपत्रमा प्रकाशित सूचना अनुसार स्थानीय तह घोषणा हुदाका बखत ताराखोलाको नामबाट यो गाउँपालिकाको नाम रहन गएको हो । बाग्लुङ जिल्लाको उत्तरी भागमा पर्ने यो गाउँपालिकाको क्षेत्रफल १२९.५२ बर्गकिलोमिटर रहेको छ । २०७४ सालको घरधुरी सर्वेक्षण अनुसार यसको जनसंख्या १४३६९ रहेको छ जुन बागलुङ जिल्लाको ७.२६ प्रतिशत हुन आउँछ । यो गाउँपालिका साविकका अमरभुमी, अर्गल, हिल र तारा गाविसहरु मिलि बनेको ५ वटा वडा रहेको गाउँपालिका हो । गाउँपालिकाको अधिकतम लम्बाई १४.६ कि.मि र अधिकतम चौडाई ११.६ कि मि रहेको छ । यसको अवस्थिति २८° १४′ ३९″उत्तरी अक्षांश देखि २८° २२′ १८″ उत्तरी अक्षांश सम्म र ८३° १८′ ०७″ पूर्वी देशान्तर देखि ८३° ...′ ०१″ पूर्वी देशान्तरसम्म फैलिएको छ । गाउँपालिका भित्र रहेर ताराखोला\दरमखोला र यसका प्रशाखाहरु बग्ने गर्दछन् । समुद्र सतह देखि १३३३ मिटर देखि ३५३३ मिटर सम्म यसको भौगोलिक

उचाईका पहाडहरु गाउँपालिकामा रहेकाछन्।घुम्टे पहाड, डुँडे लेक, थामी पहाड गाउँपालिका कै उच्च पहाड हुन् भने अन्य तिनचुले, घोडा बाधे, काली लेक, देउराली, शिवधुरी, रुपफेदी, नुनथला डाँडा, चिनार डाँडा, धौरी डाँडा, थाम डाँडा जस्ता लेक र पहाड रहेका छन् ।

गाउँपालिकाको बस्तुगत विवरण २०७४ अनुसार गाउँपालिका भित्र जम्मा २३४० घर परिवार र जनसंख्या १४३९६ रहेको छ, जस मध्य ४८.९२% पुरुष र ५१.०८ प्रतिशत महिला बसोबास गर्दछन । २०६८ को जनगणना अनुसार गाउँपालिकामा २०३ जना अपाङ्ग व्यक्तिहरु रहेका छन् । ६ वर्ष माथिको कुल जनसंख्या मध्य ७२.३२ प्रतिशत साक्षर छन भने बाकी निरक्षर रहेको देखिन्छ । जसमा पुरुष ७९.१५% र महिला ६७.०८% साक्षर रहेको देखिन्छ । गाउँपालिका भित्र २३ वटा बाल विकास केन्द्र, १७ वटा प्राथमिक तथा आधआरभुत र ७ वटा माध्यमिक विद्यालयहरु रहेका छन् ।अमरभुमि, अर्गल, ताराखोला र हिल गरी चारवटा स्थास्थ्य चौकी र दुईवटा सामुदायीक स्थास्थ्य ईकाइ रहेका छन् ।

गाउँपालिकाको कुल वर्गमिटर २३२७८.७५६ भाग मध्ये खेतियोग्य जमिन १००.०१ हेक्टर भुभागले ओगटेको छ ।मकै, कोदो, जौ, धान, गहुँ, फापर, उवा, खाद्यान्नबाली यहाँको प्रमुख बाली हुन ।आलु, तोरी, केराउँ, मुला, लसुन, गोलभेडा, सिमि, भटमास, भाँगो आदी नगदे बाली तथा तोरी र सस्यौं तेलहन बाली हुन । राँगा/भैसी, गाई\गोरु, भेडा\बाखा, बंगुर, खच्चर, खरायो, कुखुरा, हाँस, परेवा, आदि पशुपंक्षी पालनका साथै व्यवासयिक रम्बोट्राउट माछापालन समेत गरिएको छ।

घरेलु तथा साना उद्योग अन्तर्गत टायल उद्योग, फर्निचर उद्योग, राईसमिल, अल्लो कपडा उद्योग, नेपाली कागज उद्योग,ढाकातान बुनाई उद्योग,सिस्नो पाउडर उद्योग यहाँका प्रमुख उद्योग हुन भने प्रमुख बजार क्षेत्रहरुमा होटल र ग्रामिण क्षेत्रहरुमा होमस्टे सञ्चालनको शुरुवात भएको छ ।दरमखोला जलविद्युत **'A'** (सयपत्री) २.५ मे.वा. र ताराखोला जलविद्युत ३८० कि.वा. सञ्चालनमा रहेको तथा अन्य थप जलविद्युत परियोजना सञ्चालन गर्ने तयारी भैरहेको छ ।

### १.२. विद्यमान अवस्थाको समिक्षा

क. सबल पक्षहरु

- जनप्रतिनिधिहरुको नेतृत्वमा गाउँपालिकाको विकास योजना तथा कार्यक्रम सञ्चालनमा आएका छन् ।
- गाउँपालिकामा रहेका प्राकृतिक श्रोतहरुको समुचित उपयोगबाट गाउँपालिकाले अधिकतम फाईदा लिन सक्ने देखिन्छ ।
- पर्यटन स्थलहरुको पहिचान र पुर्वाधार विकासबाट गाउँपालिकाको आय आर्जन बृद्धि गर्न सकिने सम्भावना छ ।

- कृषि र पशुपालनबाट आयआर्जन बृद्धि गरि रोजगारी श्रृजना गर्न सकिने ।

ख. दुर्बल पक्ष

- भौगोलिक विकटता र छरिएर रहेको बस्तीको कारण पुर्वाधार विकास महंगो हुनु ।
- बसाईसराईको कारण घट्दै गएको जनसंख्याले सार्वजनिक क्षेत्रमा गरिएको लगानीको समुचित उपयोग गर्ने जनसंख्या न्युन हुदै जानु ।
- शिक्षा, सिप र जनचेतनाको कमिले आयआर्जन तर्फ उन्मुख आत्मनिर्भर जनसंख्याको कमि ।

ग. अवसर

- संविधान द्वारा नै निर्दिष्ट स्थानीय तहका एकल अधिकारहरु ।
- जल, जमिन र पर्यटकीय स्थलहरुको समुचित उपयोगबाट आयआर्जन बृद्धि गर्न सकिने ।
- जटिल भु-बनौटलाई पर्यटकीय गन्तव्यस्थल बनाउन सकिने ।
- जलविद्युतमा लगानी आकर्षण गरी रोजगारी श्रृजना गर्न सकिने ।
- जडिबुटि, आलु, रातो च्याउ, ओखर, किवि जस्ता मौलिक कृषि उपजहरुको बजार प्रबर्ध्दन गरी आय आर्जन बृद्धि गर्न सकिने ।

घ. चुनौति

- आर्थिक र सामाजिक रुपमा पिछडिएको बर्ग समुदायलाई विकासको मुल प्रवाहमा समाहित गर्न ।
- छरिएर रहेको बस्ती र भौगोलिक बिकटताले सार्वजनिक पुर्धारहरुको निर्माण गर्न ।
- कृषि, पशुपालन र पर्यटनलाई व्यवशायिकरण र आधुनिकिकरण गर्न ।
- गाउँपालिकाको मौलिक कृषि, पशु र पर्यटन संग सम्बन्धीत उत्पादन र स्थलहरुको प्रचार प्रसार र बजारीकरण गर्न ।
- सार्वजनिक विद्यालयहरुमा शैक्षिक गुणस्तर बृद्धि गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न ।
- स्वास्थ्य सेवालाई सघन तुल्याई कडा रोगहरुको उपचारमा नागरिकको सहज पहुँच विस्तार गर्न ।

खण्ड- २

# चालू आ.व. को समिक्षा

चालु आ.व. मा निम्न निति तथा कार्यक्रमहरु अपनाई बजेट कार्यन्वयन गरिएको थियो

- पूर्वाधारको दिगो विकास मार्फत यस क्षेत्रको जनजीवनलाई सहज तुल्याउने ।
- कृषि उत्पादन बृध्दी गरी आत्मनिर्भरता तथा आपूर्तिमा सहजता ल्याउने ।

## ताराखोला गाउँपालिका
## आ. व. २०७६।०७७को नीति तथा कार्यक्रम

- शिक्षा क्षेत्रको संरचना तथा गुणस्तरमा सुधार ल्याउने ।
- पर्यटन क्षेत्रको संभावना पहिचान गरी विकासको प्रमुख पक्षको रुपमा अघि बढाने।
- व्यवस्थित र आधुनिक वस्ती विकास गरी गुणस्तरीय वसोवास कायम गर्ने ।
- स्थानीय सरकारको शासन तथा सेवा प्रवाहलाई गुणस्तरीय बनाउने ।
- स्थानीय श्रोत, साधनको खोजी तथा दिगो उपयोग गराउने ।
- गाउँपालिका, विषयगत कार्यालयहरु र गाउँपालिका अन्तर्गतका वडाहरुको संस्थागत क्षमता अभिवृध्दी गरि सुशासन कायम गर्ने ।

उल्लेखित नीति तथा कार्यक्रम कार्यन्वयनबाट हाल सम्म देहाय बमोजिम प्रगति हासिल भएको छ ।

क. प्रशासनिक व्यवस्था

- गाउँपालिकाको आफ्नै भवनमा कार्यपालिकाको कार्यालय सञ्चालनमा रहेको छ ।
- वडा नं. ४ बाहेक अन्य वडा कार्यालयहरु साविक गाविस कार्यालयमा सञ्चालनमा रहेका छन् ।
- हाल सम्म ६ वटा ऐन, ५ वटा नियमावली तथा ६ वटा कार्यविधी तर्जुमा भई कार्यन्यवयनमा रहेका छन् ।
- हाल कृषि पशु र स्वास्थ्य सेवा बाहेकका २९ जना कर्मचारीहरुको दरबन्दी स्वीकृत भई पदपूर्तिको अवस्थामा रहेको छ ।
- वडा कार्यालयहरु सबैमा ईन्टरनेट जडान गरिएको छ ।
- चालु आ.व. को यस अवधी सम्म कुल २२,९०,८५५ आन्तरिक आम्दानी भएको छ ।

ख. पञ्जीकरण र सामाजिक सुरक्षा

- चालु आ.व. को यस यस अवधी सम्म व्यक्तिगत घटना दर्ता ९६५ पुगेको छ भने सामाजिक सुरक्षा प्राप्त गर्नेको संख्या १५७८ पुगेको छ ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत बितरणको व्यवस्था गरिएको ।

ग. यस आ. व. मा गाउँपालिकाले गरेका प्रमुख कार्यहरु प्रस्तुत गर्न चाहन्छु ।

- केही नयाँ सडक निर्माण र केही सडकहरुको स्तरोन्नति गरिएको छ । हटिया-हरिचौर-घुस्मेली-तारा सडकको पिच गर्न टेण्डर प्रकृया अगाडी बढेको छ । रिजालचोक-अमरभुमि-तारा सडकको ५०० मि ढलान गर्न ठेक्का प्रकृया अगाडि बढेको छ । रिजालचोक-माझखर्क-दरम - भैंसे सडकमा स्तरोन्नतिको लागि कार्य भैरहेको छ । माझखर्क-खरिखोला-अर्गल– सर्पाण्डी सडकमा प्रदेश सरकारको अनुदानबाट काम भैरहेको छ ।

## ताराखोला गाउँपालिका
## आ. व. २०७६।०७७को नीति तथा कार्यक्रम

- केही खानेपानी तथा सिंचाई सम्बन्धी आयोजनाहरु सम्पन्न तथा कार्यन्वयनको चरणमा रहेको छन ।लावाङ, तारा४-५, थापा गैरा र खापा गैरा, तारा हिल,हल्पुखोला लगायत स्थानहरुमा खानेपानी आयोजनाहरु सञ्चालनमा रहेका छन ।वडा नं. ४ र ५ लाई पूर्ण सरसफाई वडा घोषणा गरिएको छ ।
- ८ जना कृषि तथा पशु प्राविधिकहरु मार्फत सेवा प्रदान गरिएको छ,वडा नं. ५ मा मुख्यमन्त्री कृषि कार्यक्रम, अलैचीको ब्लक क्षेत्र कार्यक्रम सञ्चालनमा रहेको छ ।पशुतर्फ कुल ६२,८७,००० रकम विनियोजन भएकोमा ५७,३३,००० खर्च भई ९१.१८ प्रतिशत खर्च भएको छ ।कृषि तर्फ कुल ७७,०७,००० विनियोजन मध्य ६५,८७,००० खर्च भई ८५.४६ प्रतिशत खर्च भएको छ ।
- निजि आवास निर्माण- गरिवसंग बिश्वेश्वर कार्यक्रम अन्तर्गत ८ घरबार बिहिनहरुलाई निजी आवाश निर्माण गरिएको छ । १५ वटा घरहरुमा जस्ता पाता खरिद गरि वितरण गर्ने तयारी भैरहेको छ ।१५ जना लाई आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.व.२०७५/७६ मा ९५ जना बेरोजगार व्यक्तिहरुलाई समुदायमा आधारित आयोजनामा काम गर्ने गरि अल्पकालिन रोजगारीको व्यवस्था गरिएको छ।
- शिक्षकहरुलाई तालिमको व्यवस्था गरी विद्यालयहरुमा शिक्षक अभावले पठनपाठनमा समस्या परेका विद्यालयहरुलाई अनुदान प्रदान गरिएको, भौतिक पुर्वाधार कम भएका विद्यालयहरुमा विद्यालय भवन, ICT केन्द्र स्थापना गरिएको ।विद्यार्थीहरुको खेलकुद, प्रतिभापहिचान लगायतका कार्यक्रमहरु सम्पन्न भएको, गाउँ शिक्षा समिति गठन गरी गाउँपालिका स्तरीय शिक्षा योजना तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- गाउँपालिका स्तरमा स्वास्थ्य शिविर सञ्चालन गरि विशेषज्ञ सेवा प्रदान गरिएको, निशुल्क औषधी वितरणको लागि नेपाल सरकारबाट प्रदान गरिएको औषधी बाहेक थप रकम बिनियोजन गरी औषधी खरिद गरिएको । बालबालिका तथा गर्भवती महिलाहरुलाई लगाईने खोपको सुरक्षित भण्डारण गर्न कोल्ड चेन (Cold Chain) खरिद गरिएको ।१ वटा सामुदायिक स्वास्थ्य ईकाई स्थापना गरिएको तथा सोको लागि वडा नं. ४ मा भवन निर्माणको कार्य भैरहेको ।वडा नं. १ मा ल्यावस्थापना गर्न भवन निर्माण र सञ्चालन गरिएको ।स्वास्थ्य सेविकाहरुलाई भ्रमणको व्यवस्था गरिएको ।अमरभुमी मा बर्थिङ्ग सेन्टर भवन निर्माणको कार्य भैरहेको ।स्वास्थ्य तर्फको १८९००००० विनियोजित रकम मध्ये १६४८१००० रकम खर्च भई कुल ८७.२० प्रतिशत खर्च भएको छ ।
- गाउँपालिकामा होमस्टे स्थापना गरी पर्यटकहरुको आगामनलाई सहज बनाउन होमस्टे स्थापना गरि सञ्चालनको तयारीमा रहेको छ।

- औधोगिक ग्राम स्थापना गर्न आगामी आर्थिक वर्षबाट निर्माण कार्य शुरु गर्ने गरी सम्भाव्यता अध्ययनको कार्य भैरहेको छ ।
- गाउँपालिकाको बहुउध्देशीय सभाहल निर्माण गर्न ठेक्काको निमित्त सूचना प्रकाशन भई प्रकृया अगाडी बढेको छ ।
- गाउँपालिकाको आम्दानी बृद्धि गर्न गाउँपालिका ढुंगा खानिहरुलाई आम्दानीको श्रोतको रुपमा उपयोग गर्न IEE प्रकृयाको थालनी गरिएको छ।
- गाउँपालिकामा सञ्चालनमा रहेका तथा थप स्थापना हुने जलविद्युत आयोजनाहरुबाट गाउँपालिकाले दिगो रुपमा आम्दानी बृद्धि गर्ने गरि सम्झौता गरी योजना अगाडी बढाईएको छ।
- गाउँपालिकाको योजनाबद्ध विकास गरी समृद्ध गाउँपालिका निर्माण गर्न गाउँपालिकाको पञ्चवर्षीय योजना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- चालु आर्थिक वर्षमा जम्मा २०९ वटा कार्यक्रम (योजना) हरु स्वीकृत भई कार्यन्वयनमा लगिएकोमा ९८ वटा योजनाहरुको फरफारक भई भुक्तानी भैसकेको, १० वटा योजनामा पेश्की गएको, १०१ वटा योजनाहरु कार्यन्वयनमा रहेका छन् ।जेष्ठ १२ गते सम्म ४६ प्रतिशत योजनाहरुको फरफारक भैसकेको छ ।
- महिला, दलित, जनजाति लगायत समाजमा पछाडि परेको समुहहरुलाई लक्षित कार्यक्रमहरु सञ्चालन गरिको छ ।
- हाल सम्मको चालु खर्च ४५.७३ र पुँजीगत खर्च ३७.१८ प्रतिशत भएको छ ।

सभा अध्यक्षज्यू ,

अब म आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

खण्ड ३

# आ.व. ०७६\७७ को नीति बजेट तथा कार्यक्रम

## ३.१. सोच

कृषि, वन, खनिज र पर्यटन उद्यमशीलताका लागि सबल पूर्वाधारः
समृद्ध, समन्यायीक ताराखोला विकासको मूल आधार ..........

## ३.२. लक्ष्य

समृद्ध र आत्म निर्भर ताराखोला

### ३.३. उद्धेश्य

- कृषि पशुपालन र पर्यटन प्रवर्द्धन गरी रोजगारी सृजना गर्ने र गरिवी निवारण गर्ने।
- बन संरक्षण व्यवस्थापन तथा पर्यटन र आय आर्जनलाई बनसंग आवद्ध गर्ने ।
- गाउँपालिकामा प्राप्त खनिजहरुलाई व्यवस्थित गरी त्यसबाट प्राप्त आयलाई विकास निर्माणमा प्रयोग गर्ने।
- ताराखोला भ्रमण बर्ष २०७७ लाई भव्य रुपमा सफल बनाउन पर्यटन पुर्वाधार तयार गर्ने ।
- सार्वजनिक पुर्वाधारहरुको निर्माण गरी व्यवस्थित बनाउने ।
- प्रशासनिक, नीतिगत तथा कानूनी सुधार गरी संस्थागत क्षमता अभिबृद्दी गर्ने ।
- स्वास्थ्य र शिक्षालाई गुणस्तरीय बनाई स्वच्छ र प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने ।

### ३.४. अपेक्षित उपलब्धी

- प्रमुख सडकहरुमा बिना अवरोध सवारी साधन गुड्न सक्ने हुनेछन् ।
- कृषि र पशुपालनलाई यन्त्रिकरण र आधुनिकीकरण गरी जनताको आय आर्जन वृद्धि हुनेछ ।
- प्रमुख पर्यटकीय गन्तव्यहरु पहिचान भई आधारभुत पुर्वाधारहरु निर्माण भएको हुनेछन ।
- सास्कृतिक संग्रालय, बहुउद्देशीय सभाहल, औधोगिक ग्रामको स्थापना हुनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रमबाट प्राप्त सहयोगबाट ठुला व्यवशायीक फर्म स्थापनाको कार्य अगाडी बढ्नेछ ।
- पुर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा हुनेछ ।
- शिक्षा योजना कार्यन्वयन हुनेछ, विद्यालय गाभ्ने कार्य थालनी हुनेछ ।शैक्षिक गुणस्तर अभिबृद्धि हुनेछ ।नमूना विद्यालय र आवाशीय विद्यालय स्थापना र सञ्चालनको थालनी हुनेछ ।
- निशुल्क औषधी वितरण, उपचार तथा गर्भवती महिलाहरु स्वास्थ्य संस्थामा नियमित परिक्षण र सुत्केरी भएको हुनेछन ।
- मानवीय श्रमलाई उपयोग गरी सार्वजनिक पुर्वाधार निर्माण भएको हुनेछ ।

### ३.५. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका नीति तथा आधारहरु

#### ३.५.१. आधारहरु

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४

- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघ र प्रदेशले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- आवधिक विकास योजनाहरु
- गाउँपालिकाको स्रोत साधन
- विकासका अन्तर्सम्बन्धीत विषयहरु
- दीगो विकासका लक्ष्यहरु
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु

३.५.२. समग्र नीति तथा कार्यक्रमहरु

क. सडक तथा यातायात -

- गाउँपालिकामा प्रवेश गर्ने मार्ग तथा अन्य सहायक मार्गहरुको स्तरोन्नति गरी बाह्रै महिना सवारी साधन चल्ने बनाईने छ ।
- अत्यावश्यक र अनिवार्य अवस्थामा बाहेक मेशिनरी औजार प्रयोगलाई निरुत्साही गरिने छ ।

ख. खानेपानी

- खानेपानीको अभाव रहेका स्थानहरुमा खानेपानीको प्रबन्ध गरिने छ । जसको लागि गाउँपालिकाको लगानी नपुग हुने देखिएमा प्रदेश तथा संघिय सरकारसंग अनुदान रकम माग गरी कार्यक्रम सञ्चालन गरिने छ ।

ग. शिक्षा

- गाउँपालिका स्तरीय शैक्षिक योजना कार्यन्वयन गरिने छ ,
- विद्यालय गाभ्ने र शिक्षक दरबन्दी मिलानको कार्यलाई अगाडी बढाईने छ ।
- विद्यालय अनुदान कार्यक्रम सञ्चालन गरी शिक्षक अभावलाई न्यूनिकरण गरिने छ ।
- शिक्षक तालिम, छात्रबृत्ती कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- विद्यालय अनुगमनलाई प्रभावकारी बनाई शिक्षकलाई अध्यापन कार्यको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

घ. स्वास्थ्य तथा फोहरमैला व्यवस्थापन

- निशुल्क स्वास्थ्य सेवा र औषधी वितरणलाई प्रभावकारी बनाईने छ ।
- स्वास्थ्य सेवालाई सरल र सहज तुल्याईने छ ।

ङ. कृषि

- नेपाल सरकार र प्रदेश सरकारका कृषिसंग सम्बन्धित कार्यक्रमहरुमा सहजीकरण गरिने छ ।
- कृषि औजार र आधुनिक उपकरणहरु अनुदानमा दिने कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय उत्पादनहरुलाई बजारीकरण र आधुनिकिकरण गरिने छ ।
- अलैची व्लक क्षेत्र, आलु जोन, लसुन पकेट र नमुना कृषि फर्महरुलाई सहजीकरण गरी व्यवसायीकताको लागि विशेष अभियान सञ्चालन गरिने छ ।
- मापदण्डको आधारमा पशु र कृषि विमा कार्यक्रम अगाडी बढाईने छ ।

- गरिवसँग ताराखोला कृषि कार्यक्रम सञ्चालन गरिने छ ।

च. पर्यटन

- पर्यटन क्षेत्र र गन्तव्य निर्धारण गरी पुर्वाधार निर्माण गरिनेछ ।
- पर्यटक आवागमन र वसोबासलाई आधुनिक र व्यवस्थित बनाउन थप होमस्टे स्थापना र सञ्चालन गरिने छ । होमस्टे सञ्चालकहरुलाई तालिमको व्यवस्था गरिने छ ।

छ. वातावरण तथा विपद व्यवस्थापन

- वातारण संरक्षण गर्न "एक वडा एक पोखरी निर्माण" कार्यक्रम सञ्चालन गरिनेछ ।
- सांस्कृतिक संग्रालय वरपर पार्क निर्माण गरी विरुवा तथा फुलहरु रोप्ने कार्यक्रम सञ्चालन गरिने छ
- आगामी आर्थिक वर्ष देखि गाउँ कार्यपालिकाको कार्यालय र आफ्नै भवन रहेको वडा कार्यालय परिसरमा नियमित सरसफाई अभियान सञ्चालन गरी बगैंचा निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ साथै सार्वजनिक पर्ति जग्गाहरुमा आकर्षक फुल तथा बृक्ष रोपणको कार्यलाई अगाडी बढाईने छ ।
- पहिरो र भुक्षय नियन्त्रण गर्न आवश्यक रकम विनियोजन गरिने छ ।
- गाउँपालिकामा सञ्चालन हुने ढुंगा खानीहरुको वातावरणीय प्रभाव मुल्यांकन गरी कानून सम्बत रुपमा सञ्चालन गर्ने व्यवस्था गरिने छ ।
- विपद व्यवस्थापनसंग सम्बन्धीत ऐन, नियम, कार्यविधी निर्माण गरी कार्यन्वयन गरिने छ ।
- विपद व्यवस्थापन कोष खडा गरी आवश्यक रकम कोषमा जम्मा गरिने व्यवस्था गरिने छ ।

ज. वस्ती विकास तथा भवन निर्माण

- गरिवसंग बिश्वेश्वर कार्यक्रम अन्तर्गत निजी आवाशको कार्यक्रम सञ्चालन भई चालु आ.व. मा निर्माण सम्पन्न भएका ८ वटा घर बाहेक उक्त कार्यक्रमलाई निरन्तरता दिई थप आवाश निर्माण गरिने छ ।
- खरको छाना विस्थापन गर्न ढुंगा/टिनको छाना युक्त घर निर्माण गरिने छ ।
- एकिकृत वस्ती बिकासको निमित्त सम्भाव्यता अध्ययन गरिने छ ।
- नक्सा पास गरी घर बनाउने प्रकृयाको थालनी गरिने छ ।
- बहुउद्धेश्यीय सभाहल निर्माणको कार्यलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिईनेछ ।
- आगामी आ.व. देखि प्रत्येक आ.व.मा एक-एक वटा वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्यको थालनी गरिनेछ ।
- भवन निर्माण मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

झ. लक्षित वर्ग कार्यक्रम

- महिला लक्षित कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुलाई पर्यटन र आयआर्जन संग आवद्ध गरिने छ ।सिपमुलक कार्यक्रम सञ्चालन गरी स्थानीय परिकार, स्थानीय उत्पादन संग सम्बन्धीत सिपको विकास गरी आयआर्जनलाई बृद्धि गरिने छ ।
- जनजाति लक्षित कार्यक्रमहरुलाई जनजातिको संस्कृति झल्किने र पहिचान झल्किने कार्यक्रमसंग आवद्ध गरी संस्कृति प्रबर्धन गरि पर्यटन केन्द्रित गरिने छ ।
- गरिब तथा विपन्न वर्गका लागि गरिवसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत आय आर्जन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

ञ. युवा तथा खेलकुद

- गाउँपालिकास्तरीय खेलकुद निर्माण गर्न प्रदेश सरकारसंग सहयोग माग गरिने छ ।
- गाउँपालिका स्तरीय आयोजना कार्यन्वयन गर्दा सम्भव भए सम्म मेशिनरी उपकरण सञ्चालन नगरी युवाहरुलाई परिचालन गरि रोजगारीको सुनिश्चितता गरिने छ ।
- खेलकुद कार्यक्रमको विकास गर्न युवाहरुलाई खेलकुद तालिम कार्यक्रम सञ्चालन गरिने छ ।
- युवाहरुलाई कुलत तर्फ लाग्न नदिन सामाजिक विकृति न्यूनिकरण गर्न युवा लक्षित विशेष अभियान सञ्चालन गरिनेछ विकृति फैलाउने व्यक्तिलाई श्रममूलक स्वयंसेवा मा खटाइनेछ ।
- प्रत्येक विद्यालयहरुमा खेलकुद सामाग्री खरिद गरी खेलकुद प्रबर्धन गरिने छ ।
- राष्ट्रपति रनिङ्ग सिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ ।
- भ्रमण वर्ष २०७७ को लागि खेलकुद तयारी कार्यक्रम सञ्चालन गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम चालु वर्षमा प्रभावकारी देखिएकोले आगामी आ.व.मा समेत निरन्तरता दिइनेछ ।

ट. प्रशासनिक व्यवस्थापन तथा सुशासन

- कर्मचारीको अभावको कारण सेवा प्रवाहमा समस्या हुन नदिन रिक्त पदपुर्तिको लागि लोकसेवा आयोगमा कर्मचारी पदपुर्तिको लागि लेखि पठाईने छ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवाहरु प्रविधियुक्त बनाई छिटो छरितो बनाईनेछ ।

ठ. आर्थिक प्रशासन एवं सुशासन

- आम्दानी र खर्चको अभिलेखलाई व्यवस्थित बनाउन सफ्टवेयर जडान गरिने छ ।
- गाउँपालिकाको आम्दानीका श्रोतहरुको पहिचान गरी कर संकलनलाई प्रभावकारी बनाईने छ ।
- आन्तरिक लेखा परिक्षण गर्न कर्मचारीको व्यवस्था नभए सम्म लेखापरिक्षण सेवा लिने गरि आन्तरिक लेखापरिक्षण गरिने ।
- खरिद प्रकृयालाई योजनाबद्ध गरि बनाईने छ ।
- गत आ.व. को बेरुजु फछ्र्यौट गर्न सम्बन्धीत पक्षसंग ताकेता गरिने छ ।
- उपभोक्ता समितिहरुलाई तालिमको व्यवस्था गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र विलासिताको वस्तुहरुको आयातलाई निरुत्साहीत गरी स्थानीय उत्पादित वस्तुहरुलाई प्रोत्साहन गरिनेछ ।

ङ. योजना सञ्चालन सम्बन्धी

- आयोजना सञ्चालन प्रकृयालाई तालिकाबद्ध गरी स्वीकृत तालिका बमोजिम कार्य गर्न सम्बन्धित पक्षसंग सम्झौता गरिने छ ।
- प्राविधिक रुपमा जटिल र मानिसबाट मात्र असम्भव देखिने बाटो खन्ने काम बाहेक अन्यत्र ठुला मेशिनरी उपकरण प्रयोग गरिने छैन ।
- योजना सम्झौता र भुक्तानी प्रकृयालाई सरल बनाउन सफ्टवेयर जडान गरिने छ ।
- योजना तथा कार्यक्रम अनुगमनलाई कार्यविधि बनाई प्रभावकारी बनाइनेछ ।होटल व्यवसाय पसल लगायतमा अनुगमनलाई प्रभावकारी बनाइनेछ। अखाध्य वस्तु तथा प्लाष्टिक जन्य वस्तु आयातमा निरुत्साहित गरिनेछ ।

## ३.५.३. क्षेत्रगत नीति तथा आधारहरु.

### १. आर्थिक क्षेत्रः-

क. कृषि तथा पशुपालन

- संघीय र प्रदेश सरकारका कृषि पकेट र जोन क्षेत्रसंग सम्बन्धीत नमूना कार्यक्रमहरुलाई सहजीकरण गरी कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- कृषि योग्य भुमिको पहिचान र स्थानीय प्रजातीको बालीको बिकास र प्रबर्धन गरिने छ । साथै गाउँपालिकामा स्थानीय रैथाने बालीको संरक्षण गरी विकास गर्न " स्थानीय प्रजातिका बाली संकलन\संरक्षण केन्द्र" स्थापना गरिनेछ ।
- कृषिलाई आयआर्जनको माध्यमको रुपमा विकास गरी कृषकहरुको आयस्तर बढाउन कृषिलाई व्यवसायीकरण र आधुनिकिकरण गरिने छ ।
- कृषकहरुलाई आधुनिक कृषि औजार, बिउबिजन, विरुवा तथा जैविक विषादी खरिद गरि अनुदानमा वितरण गरिनेछ ।
- कृषिलाई व्यवसायिक र आधुनिक गर्न कृषक तालिमको व्यवस्था गरिने छ ।
- स्थानीय होटल तथा होमस्टेमा स्थानीय उत्पादनका कृषि जन्य उपजहरुको परिकार बिक्री गर्ने गरी तालिम र सहजीकरण गरिनेछ ।
- कृषि क्षेत्रमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई स्थलगत रुपमा फिल्डमा गई कृषि सेवा प्रदान गर्ने व्यवस्था गरिने छ ।
- निजी फर्म सञ्चालन गर्न ईच्छुक कृषकहरुलाई निजी फर्मको निमित्त चाहिने प्राविधिक सेवा र कृषि औजार उपकरणहरुमा सहुलियत प्रदान गरिने छ।
- अलैचि कृषकहरुलाई प्रोत्साहन गरिने छ । अलैचि ब्लक क्षेत्रमा आवद्ध कृषकहरुलाई प्रदेश र संघिय सरकारबाट प्राप्त हुने सहयोगको लागि आवश्यक समन्वय गरिने छ ।

- किवि र ओखर खेति तर्फ कृषकहरुलाई आकर्षण गर्न अनुदानमा विरुवा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

- पशु प्राविधिक कर्मचारीहरुलाई स्थलगत रुपमा खटाई कृषकहरुलाई सेवा प्रदान गर्ने व्यवस्था गरिने छ ।
- पशुपंक्षिका औषधीहरु निःशुल्क वितरणको व्यवस्था मिलाईने छ ।
- दुग्ध चिस्यान केन्द्र तथा संकलन केन्द्र स्थापनाको लागि सम्भाव्यता अध्ययन गरी प्रकृया अगाडि बढाइने छ ।
- कृषकहरुले उत्पादन गरेको दुधलाई बजारीकरणको लागि प्रयास गरिने छ ।

ग. पर्यटन

- ताराखोला गाउँपालिकालाई पर्यटकीय गन्तब्यको रुपमा विकास गरी आन्तरीक र बिदेशी पर्यटक आकर्षण गर्न २०७७ साललाई "ताराखोला भ्रमण वर्ष २०७७" मनाउने गरी पर्यटन पुर्वाधार निर्माण र कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान गरी पहुँच मार्ग र अन्य आवश्यक पुर्वाधारहरु निर्माण र विस्तार गरिनेछ ।
- वडा नं. २ स्थित चरिखोलालाई ड्याम निर्माण गरी ताल बनाउन समपुरक योजनाको रुपमा डिपिआर तयार गरी प्रदेश सरकारको साझेदारीमा ताल निर्माण कार्य सम्पन्न गरिनेछ ।
- वडा नं. २ स्थित अर्गल मा.वि देखि टेलिकम टावर सम्म सडक ट्र्याक खोली थप पदमार्ग निर्माण गर्ने र डन्ठु डाँडामा रहेको मनोरम प्राकृतिक स्थललाई "शहिद स्मृति पार्क" निर्माण गरी पर्यटक गन्तव्य स्थाल निर्माण गरिनेछ ।
- डुलेलेक पदमार्ग निर्माण, देउराली घुम्टे नेटा पर्यटन सडक निर्माण गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका पुराना संस्कृति, रितिरिवाज, प्रविधीको संरक्षण र सम्बर्द्दन गर्न गाउँपालिकामा "सांस्कृतिक संग्रहालय" निर्माण गरिनेछ ।
- पर्यटक आवागमन र वसोबासलाई आधुनिक र व्यवस्थित बनाउन थप होमस्टे स्थापना र सञ्चालन गरिने छ । होमस्टे सञ्चालकहरुलाई तालिमको व्यवस्था गरिने छ ।
- पर्यटकलाई मायाको चिनो प्रदान गर्ने संस्कृतिको विकास गरिने छ । स्थानीय स्तरको कला र संस्कृति झल्किने बस्तु उत्पादन गरि त्यस्ता सामाग्रीहरुको उत्पादन र प्रबर्ध्दन गरिनेछ ।

घ. उद्योग तथा वाणिज्य

- गाउँपालिकामा सञ्चालित घरेलु तथा साना उद्योगहरु टायल/स्लेट उद्योग,फर्निचर, अल्लो प्रशोधन, नेपाली कागज उद्योग, सिस्नोको पाउडर उद्योग, तानधागो बुनाई उद्योग, भांग्रा,निंगालोबाट निर्मित बस्तुहरु र सो संग सम्बन्धीत उद्योगहरुलाई प्रोत्साहन गरिने छ ।

- औधोगिक ग्राम स्थापनाको निमित्त पुर्वाधारको काम थालनी गरी गाउँपालिकामा सञ्चालित उद्योगहरुलाई एकिकृत रुपमा सञ्चालन गरिनेछ ।

ङ. सहकारी तथा वित्तीय क्षेत्र

- सहकारी सञ्चालकहरुलाई तालिमका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सहकारीहरुको संख्या कटौती गरी कार्यक्षेत्रको आधारमा गाभ्ने कार्यको थालनी गरीने छ ।
- सहकारी मार्फत आधुनिक कृषि तथा पशुपालन, पर्यटन लगायत क्षेत्रहरुमा लगानी बढाउन प्रोत्साहन गरिने छ ।

**२. सामाजिक क्षेत्र**

क. शिक्षा

- विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई सम्भाव्यता अध्ययन गरी उपयुक्त र पायक पर्ने नजिकको विद्यालयमा गाभ्ने नीति लिईनेछ ।
- शिक्षक दरबन्दी कम भई पठनपाठनमा समस्या भएका विद्यालयहरुलाई थप शिक्षकको व्यवस्था गर्न विद्यालय अनुदान कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिईने छ ।
- प्राविधिक कक्षा सञ्चालन गर्न शुरुवात गरेको नेपाल तारा मा.वि. लाई प्राविधिक कक्षा व्यवस्थापन गर्न अनुदानको व्यवस्था गरिने छ ।
- गाउँ शिक्षा योजना तयार गरी सोहि बमोजिम गाउँपालिकाको समग्र शैक्षिक स्थिती सुधार गर्न योजना अनुसार कार्यक्रम तयार गरी कार्यन्वयन गरिने छ ।
- विद्यालयहरुमा Information Communication Technology मा आधारित शिक्षण सिकाई पद्धतिको विकास गर्न सूचना प्रविधी उपकरण जडानलाई प्राथमिकता दिईनेछ ।
- विद्यालयमा उत्कृष्ट शिक्षण सिकाई गर्ने शिक्षक र उत्कृष्ट नतिजा ल्याई उत्तीर्ण हुने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- अभिभावकहरुलाई आफ्ना बच्चा बच्चीहरुको पढाई प्रति सचेत र जागरुक गराउन Hello Parent's र Parents Education कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- शिक्षकहरुको समयानुकुल शिक्षण पद्धतीमा सुधार ल्याउन र विषय बस्तुमा पुनर्ताजगी ल्याउन शिक्षक तालिमको व्यवस्था गरिने छ ।
- बालबालिकाहरुको शारिरीक र मानसिक विकासलाई सहयोग पुर्याउन पायक पर्ने स्थानमा देखि बाल उद्यान (Children Park) निर्माण गरिनेछ ।
- सामुदायिक विद्यालय र बालविकास केन्द्रका सहजकर्ता तथा कर्मचारीहरुलाई पोशाकको व्यवस्था गरिने छ ।

- आवाशीय र नमूना विद्यालयहरुको स्थापना र सञ्चालन गरिने छ । साथै पशुविज्ञान अध्ययनको निमित्त विद्यालयलाई सहयोग र सहजीकरण गरिने छ ।

ख. स्वास्थ्य

- स्वास्थ्य चौकीहरुमा दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गर्न रिक्त रहेका पदहरु पुर्तिको लागि लोकसेवा आयोगमा माग गरि पठाईने छ ।
- स्वास्थ्य उपचार सेवालाई सहज र सरल बनाउन गाउँपालिकामा एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा खरिद गरिएको "Cold Chain"मेशिनलाई प्रभावकारी रुपमा सञ्चालन गरि खोप लगाउने कार्यलाई विस्तार गरिने छ ।
- नेपाल सरकारबाट प्राप्त हुने औषधी बाहेक नपुग थप औषधी खरिद गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गर्भवती महिलालाई नियमित स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गर्न प्रोत्साहन गर्नुको साथै स्वास्थ्य संस्थामा सुत्केरी हुन अनिवार्य गर्न "गर्भवती पोषण कार्यक्रम" सञ्चालन गरिनेछ ।

ग. खानेपानी तथा सरसफाई

- गाउँपालिकालाई यसै आर्थिक वर्ष भित्र पुर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गरिने छ जसको लागि घोषणा हुन बाँकी वडा नं . १, २ र ३ मा कार्यक्रम सञ्चालन गरी वडा नं. ४ र ५ मा समेत पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्न गाउँपालिकामा "सरसफाई सहजकर्ता" नियुक्त गरी कार्यक्रम अगाडी बढाईने छ ।
- वडा नं. २ को हल्पुखोला खानेपानी, वडा नं. ३ र ४ मा थापागैरा र खापा गैरा खानेपानी आयोजना सञ्चालन गरिने छ ।
- प्रदेश सरकारको सहयोगमा सञ्चालित खानेपानी आयोजनाहरुलाई प्राथमिकताका साथ अगाडी बढाउन पहल गरिने छ ।
- वडा नं. ३ को काक्राखोर लगायत अन्य टोलबस्ती र वडा नं. १ को भुस्काट अर्सलमा खानेपानीको समस्या रहेको र लागत धेरै लाग्ने भएकोले सम्भाव्यता अध्ययन गरी प्रदेश सरकार र संघिय सरकारसंग अनुदान माग गरी कार्य अगाडी बढाईने छ ।
- सिंचाई र खानेपानीका कार्यक्रमहरु एकिकृत रुपमा सञ्चालन गरिने छ ।

घ. संस्कृति प्रवर्द्धन

- गाउँपालिकामा परम्परागत रुपमा रहेको संस्कृति, परम्परागत प्रविधी तथा ऐतिहासिक बस्तुहरुको खोज तथा संरक्षण गरी जगर्ना गर्न सास्कृतिक संग्रहालयको स्थापना गर्ने कार्य गरिनेछ ।

- परम्परागत रुपमा सञ्चालित मेला पर्व तथा नाचहरुको संरक्षण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ङ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण

- महिला लक्षित कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुलाई पर्यटन र आयआर्जन संग आवद्ध गरिने छ ।सिपमुलक कार्यक्रम सञ्चालन गरी स्थानीय परिकार, स्थानीय उत्पादन संग सम्बन्धीत सिपको विकास गरी आयआर्जनलाई बृद्धि गरिने छ ।
- समाजमा रहेका छुवाछुट जातिय भेदभाव लगायतका विकृती न्यूनीकरण गर्न विशेष अभियान सञ्चालन गरिनेछ।
- छरिएर रहेको पूजीलाई संकलन गरी घरेलु उद्योग तथा जलविद्युतमा लगानी गरी रोजगारी सृजना गरिनेछ ।
- साना तथा ठूला उद्योगहरुलाई व्यवस्थित गरी नयाँ उद्योग सञ्चालन प्रकृया सरल र सहज बनाइनेछ ।
- जनजाति लक्षित कार्यक्रमहरुलाई जनजातिको संस्कृति झल्किने र पहिचान झल्किने कार्यक्रमसंग आवद्ध गरी संस्कृति प्रबर्धन गरि पर्यटन केन्द्रित गरिने छ ।
- दलित लक्षित कार्यक्रम अन्तर्गत दलितका आयआर्जन बृद्धि संग सम्बन्धीत कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- अपांगहरुलाई परिचयपत्र वितरणको कार्य सहज र सरल बनाई अपांगहरुको क्षमता र सीप विकास संग सम्बन्धीत कार्यक्रम सञ्चालन गरिने छ ।

## ३. पूर्वाधार विकास

क. सडक तथा पुल

- गाउँपालिकामा प्रवेश गर्ने शहिद मार्गको स्तरोन्नति गरी बर्षा याममा समेत सजिलै यातायातका साधन गुड्न सक्ने बनाईने छ ।
- तरिम देखि साघुँबोट -दोगाडी -नागवेली खोलासम्मको सडकको स्तरोन्नति गरिनेछ ।
- घुस्मेली देखि भातखाने डाँडा सम्मको सडक स्तरोन्नतिको कार्यलाई उच्च प्राथमिकतामा राखि कार्य अगाडी बढाईने छ ।
- सर्पान्डी - माझखर्क- खरिखोला जोड्ने मोटरबाटो नया ट्रयाक विस्तार गरी स्तरोन्नति गरिनेछ ।
- वडा नं. १ र २ जोड्ने सडकको ट्रयाक खोली जिल्ला सदरमुकाम पुग्ने छोटो बाटो निर्माण गरिने छ ।
- घुम्टे लेक सम्म सहज मार्ग निर्माण गरी पदमार्ग सम्म पुग्ने गरी सडक ट्रयाक विस्तार गरिने छ ।
- नयाँ ट्रयाक खोल्ने र प्राविधिक रुपमा सम्भव नहुने सडक निर्माणको काम बाहेक अन्यत्र सम्भव भएसम्म ठुला मेशिनरी औजार प्रयोग नगरी सडक निर्माण गरिने छ ।

ख. सिंचाई

- सिंचाईको व्यवस्था नभएका खेतियोग्य जमिनहरुमा सिंचाई पुऱ्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिकाको रकमबाट नपुग हुने सिंचाईका योजनाहरुमा प्रदेश सरकार र संघीय सरकारसंग अनुदान रकम माग गरिने छ ।
- सबैको घरमा पिउने पानी र खेती योग्य जमिनमा सिँचाईको व्यवस्था गरिनेछ ।

ग. भवन तथा सहकारी विकास

- गरिवसंग बिश्वेश्वर कार्यक्रम अन्तर्गत निजी आवाशको कार्यक्रम सञ्चालन भई चालु आ.व. मा निर्माण सम्पन्न भएका ८ वटा घर बाहेक उक्त कार्यक्रमलाई निरन्तरता दिई थप आवाश निर्माण गरिने छ ।
- एकिकृत वस्ती बिकासको निमित्त सम्भाव्यता अध्ययन गरिने छ ।
- नक्सा पास गरी घर बनाउने प्रकृयाको थालनी गरिने छ ।

ग. उर्जा

- सशर्त अनुदानबाट प्राप्त उर्जा सम्बन्धी कार्यक्रमहरुलाई तदारुकताका साथ कार्यन्वयन गरिने छ ।
- बिद्युतीकरण हुन बाकी रहेका ग्रामिण ईलाकाहरुमा विद्युत विस्तार गर्न आवश्यक सहयोगलाई निरन्तरता दिईने छ ।
- जल विद्युत उत्पादन गर्न नीजि क्षेत्र र समुदायलाई प्रोत्साहन गरिने छ ।
- आगामी आ.व. भित्र उज्यालो गाउँपालिका घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन**

क. वन तथा भुसंरक्षण

- सडक तथा अन्य पुर्वाधार निर्माण गर्दा वन पर्यावरण संरक्षणमा ध्यान दिईने छ ।
- गाउँपालिकामा सञ्चालनमा रहेका ढुंगा खानीहरुको प्रारम्भिक वातारणीय प्रभाव मुल्यांकन गरिनेछ ।
- पहिरो नियन्त्रण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- सांस्कृतिक संग्रालय वरपर पार्क निर्माण गरी विरुवा तथा फुलहरु रोप्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- खाली र पर्ति जग्गाहरुमा बृक्षरोपण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

ख. जलाधार संरक्षण

- "एक वडा एक पोखरी" कार्यक्रम कार्यन्वयन गरी गाउँपालिकाको हरेक वडामा पोखरी निर्माणको अभियान आगामी आर्थिक वर्ष देखि थालनी गरिने छ ।
- पानीका मुहानहरुको संरक्षण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

ग. जलवायु परिवर्तन

- जलवायु परिवर्तनबाट कृषि, पशुपालन, जलचर, बन तथा वातारणमा पर्ने प्रभाव न्यूनीकरण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

ङ. फोहर मैला व्यवस्थापन

- हरेक टोल र बस्तीहरुमा फोहर मैला विसर्जन स्थल निर्माण गरी फोहरमैला नस्ट गर्ने कार्य लाई प्रभावकारी बनाईनेछ ।
- कुहिने र नकुहिने फोहर छुट्याई कुहिने फोहोरबाट जैविक मल उत्पादन गर्न प्रोत्साहित गरिने छ ।
- प्लाष्टिकजन्य वस्तु आयातहरुको आयातलाई निरुत्साहित गरिने छ ।

च. जल उत्पन्न प्रकोप नियन्त्रण

- नदि कटान नियन्त्रण गर्न नदिको किनारमा रुख रोप्ने कार्यलाई प्रबर्ध्दन गरिने छ ।
- बाढि नियन्त्रण तथा बाढी र पहिरो नियन्त्रण गर्न वृक्ष रोपण कार्यलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।

छ. विपद् व्यवस्थापन

- गाउँपालिकामा सञ्चालन हुने ढुंगा खानीहरुको वातावरणीय प्रभाव मुल्यांकन गरी कानून सम्बत रुपमा सञ्चालन गर्ने व्यवस्था गरिने छ ।
- विपद व्यवस्थापनसंग सम्बन्धीत ऐन, नियम, कार्यविधी निर्माण गरी कार्यन्वयन गरिने छ ।
- विपद व्यवस्थापन कोष खडा गरी आवश्यक रकम कोषमा जम्मा गरिने व्यवस्था गरिने छ ।
- विपद व्यवस्थापनको निमित्त आवश्यक सामाग्री, औजार र उपकरण खरिद गरि विपद व्यवस्थापन समिति मार्फत प्रयोग हुने व्यवस्था गरिने छ ।

## ५. सुशासन तथा संस्थागत विकास

- कर्मचारीको अभावको कारण सेवा प्रवाहमा समस्या हुन नदिन रिक्त पदपुर्तिको लागि लोकसेवा आयोगमा कर्मचारी पदपुर्तिको लागि लेखि पठाईने छ ।
- योजना सम्झौता, भुक्तानी र आम्दानीको अभिलेख व्यवस्थित बनाउन सफ्टवेयर जडान गरिने छ ।
- सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणालीमा लगिने छ, व्यक्तिगत घटना दर्ता गर्ने प्रणालीलाई अनलाईनमा व्यवस्थित गरिने छ ।
- फिल्डमा खटिई काम गर्नुपर्ने कर्मचारीहरुलाई प्रोत्साहन गरिने छ ।
- वडा कार्यालय र कार्यपालिकाको कार्यालयमा नागरिक बडापत्रको व्यवस्था गरिने छ ।

## तारखोला गाउँपालिका
## आ. व. २०७६।०७७को नीति तथा कार्यक्रम

- सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी जनप्रतिनिधिहरुलाई जनता प्रति उत्तरदायी बनाईनेछ ।
- जनतासंग जनप्रतिनिधी कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- गाउँपालिकाको आय व्यय विवरण तथा अन्य गतिविधीहरुलाई वेबसाईडमा अध्यावधिक गर्ने व्यवस्था गरिने छ ।
- कर्मचारी तथा जनप्रतिनिधीहरुलाई तालिमको व्यवस्था गरी क्षमता विकास गरिने छ ।
- कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवालाई आधुनिक प्रविधियुक्त बनाई छिटो छरितो सेवा प्रदान गरिने छ ।
- गाउँपालिकामा रहेका खानीहरुलाई नियम अनुसार ठेक्का प्रकृयामा लगि गाउँपालिकाको आम्दानीको श्रोत विकास गरिने छ ।
- यातायात प्रभावकारी बनाउन सम्बन्धित नियकामा समन्वय गरिनेछ ।
- न्यायीक समितिको कामकारवाही प्रभावकारी बनाउनेछ ।वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गरी तालिम सञ्चालन गरिनेछ ।

- राजस्वको दायरा विस्तार गरिने छ, दरहरुलाई समयानुकुल बनाईने छ, सम्पत्ती करलाई आगामी आर्थिक वर्ष देखि कार्यन्वयनमा ल्याईने छ ।
- आम्दानी र खर्चको लेखालाई व्यवस्थित बनाउन आगामी आ.व. देखि अनिवार्य रुपमा सुत्रको प्रयोग गरिने छ ।

अन्त्यमा , प्रस्तुत नीति तथा कार्यक्रमले गाउँपालिकाको लागि आवश्यक पुर्वाधार निर्माण गरी कृषि र पशुपालनलाई आधुनिक र व्यवशायिक बनाई रोजगारी श्रृजना गर्न सक्षम हुनेछ साथै पर्यटन पुर्वाधार तयार गरी २०७७ साललाई "ताराखोला भ्रमण वर्ष २०७७" भव्य रुपमा सफल पार्न योगदान गर्नुको साथै गाउँपालिकाको समग्र विकासमा टेवा पुर्याई समृद्ध ताराखोला निर्माणमा सहयोग पुग्ने विश्वास लिएको छु । प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्ने उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी साथीहरु, बिभिन्न राजनैतिक दलका पदाधिकारी ज्यूहरु, शिक्षक, पत्रकार, विभिन्न संघ संस्थाका प्रतिनिधीहरु र समग्र ताराखोला बासी  आम जनताहरुमा हार्दिक धन्यवाद प्रकट गर्दछु ।

जय ताराखोला...........

# ताराखोला गाउँपालिका
# आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्य

**सभा अध्यक्ष ज्यू**

विभिन्न काल खण्डमा भएका आन्दोलन, जनयुद्ध, जनआन्दोलनद्वारा स्थापित संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना भएपछि जारी संविधान बमोजिम स्थापित स्थानीय सरकारमा निर्वाचित भएको हामी तेस्रो वर्षमा प्रवेश गर्दैछौं । कानूनी नीतिगत तथा संस्थागत क्षमता र अनुभवको कमीले पहिलो वर्षको बजेट कार्यान्वयनमा अपेक्षित उपलब्धी हासिल गर्न नसकिएको भए पनि चालु आर्थिक वर्षको अन्त्य सम्म सभाबाट स्वीकृत कार्यक्रमहरु सहज रुपमा कार्यन्वयन गर्न सकिने अपेक्षा गरिएको छ ।

प्राकृतिक श्रोतहरुको समुचित उपयोग गरी रोजगारी सृजना गर्दै गरिबी निवारण गर्नु हाम्रो प्रमुख प्राथमिकता हो ।जटिल भौगोलिक संरचनाले सार्वजनिक पूर्वाधार निर्माण खर्चिलो हुने तथा बसाईसराईले सार्वजनिक पूर्वाधारमा गरिएको लगानीको प्रतिफल लिने जनसंख्या घट्दै जानु चिन्ताको विषय बनेको छ ।कृषि, पशुपालन र पर्यटन हाम्रा आर्थिक विकासका मूल क्षेत्रहरु हुन ।कृषि र पशुपालनलाई व्यवसायिक बनाई पर्यटन पूर्वाधार तयार गरी रोजगारी सृजना गरी गरिबी निवारण तर्फ बजेटलाई केन्द्रित गरिएको छ ।

आर्थिक वर्ष २०७६\०७७ को नीति तथा कार्यक्रम यस सभाबाट स्वीकृत भईसकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ ।चालु आर्थिक वर्षमा सशर्त अनुदान सहित चालु खर्च तर्फ रु १२ करोड ५१ लाख २३ हजार ,पुँजीगत तर्फ रु ८ करोड ६४ लाख ९२ हजार विनियोजन भई कुल २१ करोड १६ लाख १५ हजारको बजेट कार्यन्वयनमा ल्याईएको थियो । यस आर्थिक वर्षको अन्त सम्ममा सशर्त अनुदान बाहेक चालु र पुँजीगत तर्फ विनियोजित रकम मध्य रु.२ करोड ७० लाख मौज्दात रहने अनुमान गरिएको छ । आयोजनाहरुको छनौट र कार्यन्वयनको प्रकृयामा जनसहभागीतालाई प्रोत्साहन गरिएको भए पनि उपभोक्ता समितिले कार्य सम्पन्न गरि भुक्तानी लिन नआउने कारण वित्तीय प्रगती अपेक्षित रुपमा नदेखिएको कुरा अवगत गराउन चाहन्छु ।

सभाध्यक्षज्यू,

अब आगामी आर्थिक वर्षको बजेटका प्रमुख उद्धेश्यहरु प्रस्तुत गर्न चाहान्छु ।

आ.व. २०७६\०७७ का बजेटका उद्देश्यहरुः

१. गाउँपालिकालिकाका प्रमुख सडकहरुमा बाह्रै महिना यातायातका साधन सञ्चालन गर्नु ।

२. गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्नु ।

३. प्रमुख पुर्वाधारहरुको निर्माण गरी संरचना तयार गर्नु ।

४. २०७७ साललाई "ताराखोला भ्रमण वर्ष २०७७" मनाउन आवश्यक पर्यटकीय पुर्वाधार तयार गर्नु ।

५. कृषि र पशुपालनको माध्यमबाट रोजगारी सृजना गरी गरिवीको दर घटाउनु ।

६ अल्पकालिन रोजगार सञ्चालन गरी सामुदायमा आधारित आयोजनाहरु कार्यन्वयन गर्नु ।

७. आधारभुत स्वास्थ्य र शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु ।

८. सामाजिक समावेशीकणरणको माध्यमबाट समाजमा पछि परेको वर्ग, लिंग, जातजातिहरुको जीवनस्तर सुधार गर्नु ।

अब म आगामी आर्थिक वर्षमा उल्लेखित उद्देश्य परिपूर्ति गर्न बजेटका प्रमुख प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

१. सडक खानेपानी तथा भवन निर्माण सम्बन्धी पूर्वाधार

२. पर्यटन विकास

३. कृषि पशुपालन

३. सशक्तिकरण र सामाजिक समावेशीकरण

४. संस्थागत क्षमता विकास

**सभाध्यक्ष ज्यू,**

अव म आगामी आर्थिक वर्षको कुल बजेट तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु । आगामी आर्थिक वर्षमा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान रु ७ करोड ५ लाख र राजश्व बाँडफाँड बाट रु ५ करोड १५ लाख प्राप्त हुने भएको छ ।त्यसैगरी गण्डकी प्रदेशबाट वित्तीय समानीकरण अनुदान १ करोड २० लाख ६७ हजार र राजश्व बाँडफाँड बाट १७ लाख ९६ हजार रुपैंया प्राप्त हुने भएको छ ।यस आर्थिक वर्षमा चालु र पूँजीगत तर्फबाट रु २ करोड ७० लाख मौज्दात रहने अनुमान गरिएको छ ।आन्तरिक आयलाई आगामी आर्थिक वर्षमा व्यवस्थित गरी कर र राजश्वको दायरा बृद्धि गर्ने योजना अनुसार आगामी आर्थिक वर्षमा आन्तरिक आम्दानी रु ३१ लाख ६८ हजार ८ सय र गाउँपालिकाको राजश्व बाँडफाँड अन्तर्गत ३० लाख रकम प्राप्त हुने अनुमान गरिएको छ । नेपाल सरकारबाट प्राप्त हुने शसर्त अनुदान तर्फ रु ८ करोड ४५ लाख प्राप्त हुने भएको छ । उल्लेखित अनुमानको आधारमा आगामी आर्थिक वर्षमा गाउँपालिकाको कुल आय रु.२५ करोड ३५ लाख ३१ हजार ८ सय हुने अनुमान गरिएको छ ।

अब आगामी आर्थिक वर्षको प्रमुख कार्यक्रमहरु तथा क्षेत्रगत व्यय प्रस्तुत गर्दछु ।

# तारखोला गाउँपालिका
# आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्य

आगामी आर्थिक वर्षमा कर्मचारी तथा जनप्रतिनिधीहरुको पारिश्रमिक तथा कार्यालय सञ्चालन लगायत प्रशासनिक चालु खर्च तर्फ रु ४ करोड ८५ लाख ७० हजार विनियोजन गरिएको छ ।आगामी आर्थिक वर्षमा सशर्त अनुदान सहित चालु तर्फ कुल रु. १३ करोड ७५ लाख ७० हजार र पूजीगत तर्फ कुल रु.९ करोड ७२ लाख ३१ हजार ८ सय गरी आगामी आर्थिक वर्षमा कुल २५ करोड ३५ लाख ३१ हजार ८ सय रकम विनियोजन गरिएको छ ।

आगामी आर्थिक वर्षमा गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख कार्यक्रम तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

**१.आर्थिक विकास तर्फ**

आगामी आर्थिक वर्षमा आर्थिक विकास तर्फ कुल रु.१ करोड ८७ लाख ७९ हजार रकम विनियोजन गरिएको छ ।कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण, विशिष्टीकरण गरी रोजगारी सृजना गर्ने उद्देश्यका साथ कृषि औजार उपकरण तथा जैविक विषादी उत्पादन लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।सुन्तला, तरकारी, फुल, नर्सरी स्थापना गर्न अनुदान वितरणको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।कृषि उत्पादनलाई बजार सम्म पुऱ्याउन प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र स्थापनाको लागि रु१० लाख रकम विनियोजन गरिएको छ ।गरीब र विपन्न वर्गका २० घर परिवारलाई स्थानीय रैथाने प्रजातीको लसुन र प्याज खेतीको लागि अनुदान वितरण गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।आगामी आर्थिक वर्षमा कृषि तर्फ कुल रु ५० लाख ७५ हजार रुपैया विनियोजन गरिएको छ ।पशुपालनलाई व्यवासायीक बनाई आयआर्जन बृद्धि गर्न स्थानीय जातका कुखुरा, गाई, भैसी, भेडा, बाखा पालन सम्बन्धी तालिम दिन आवश्यक रकम विनियोजन गरिएको छ ।पशुआहारको उत्पादन बृद्धि गर्न स्थानीय घाँसको नर्सरी स्थापनाको लागी अनुदान रकमको व्यवस्था गरिएको छ ।गाउँपालिका द्वारा पशु औषधी निशुल्क वितरणको व्यवस्था गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।गाई, भैसी, भेडा, बाखा तथा बंगुर पालन गर्न चाहने व्यवसायीक कृषकहरुलाई अनुदान को व्यवस्था गर्न रु ३ लाख ७५ हजार रकम विनियोजन गरिएको छ ।लक्षित वर्गलाई उनीहरुको मागको आधारमा व्यवसायिक पशुपालन गर्न रु ७ लाख अनुदान उपलब्ध हुने गरी रकमको व्यवस्था गरिएको छ ।आगामी आर्थिक वर्षमा पशु विकास तर्फ कुल रु. ५० लाख ५४ हजार रकम विनियोजन गरिएको छ ।

२०७७ सालमा "ताराखोला भ्रमण वर्ष -२०७७" मनाई आन्तरिक र बाह्य पर्यटक आकर्षण गर्न पर्यटन पूर्वाधारमा आवश्यक रकम विनियोजन गरिएको छ ।विभिन्न पर्यटकीय स्थलहरुमा पदमार्ग निर्माण, पार्क निर्माण, धार्मिक स्थलहरुको संरक्षण पोखरी निर्माण, स्वीमिङ्ग पुल निर्माण लगायत कार्यक्रमहरुमा

आवश्यक रकम विनियोजन गरिएको छ ।वडा नं.२ स्थित चरीखोलामा प्रदेश सरकार सँगको साझेदारीमा पोखरी निर्माण गर्न समपूरक कोषमा आवश्यक रकम विनियोजन गरिएको छ ।पार्क निर्माण र पदमार्ग निर्माण गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।गाउँपालिकाको विभिन्न स्थानहरुमा होमस्टे सञ्चालन गर्न आवश्यक अनुदानको लागि रु १३ लाख विनियोजन गरिएको छ ।आगामी आ.व.मा पर्यटन विकासको लागि कुल.६९ लाख ५० हजार रकम विनियोजन गरेको छ ।

गाउँपालिकालाई आगामी आर्थिक वर्षमा प्लाष्टिक झोला मुक्त गाउँपालिका घोषणा गर्ने उद्देश्यका साथ प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्ने उद्योग स्थापना गर्न अनुदानको व्यवस्था गरिएको छ ।जसको लागि रु १० लाख रकम विनियोजन गरिएको छ । स्थानीय उत्पादनमा आधारित उद्योगीहरुलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराई स्थानीय उत्पादनमा जोड दिन रु ५ लाख रकम विनियोजन गरिएको छ ।आगामी आर्थिक वर्षमा उद्योग विकास तर्फ रु. १५ लाख रकम विनियोजन गरिएको छ ।

सहकारीलाई व्यवस्थित रुपमा सञ्चालन गर्न पदाधिकारी र कर्मचारीहरुलाई तालिम सञ्चालन को लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

**२. सामाजिक विकास**

आगामी आर्थिक वर्षमा सामाजिक विकास तर्फ कुल रु.३ करोड ६६ लाख १७ हजार ८ सय रकम विनियोजन गरिएको छ ।विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्न शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगलाई जोड दिन विद्यालयमा स्मार्ट टेलिभिजन, इन्टरनेट तथा सफ्टवेयर जडानको निमित्त ११ लाख रकम विनियोजन गरिएको छ ।बालविकास केन्द्रका बालबाविकाहरुलाई दिवा खाजाको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।प्रधानाध्यापकहरुलाई सञ्चार खर्चको लागि आवश्यक रकम विनियोजन गरिएको छ। शिक्षकहरुलाई तालिम, विद्यार्थी छात्रवृति तथा Home work dairy को व्यवस्थाको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।उत्कृष्ट सिकाई उपलब्धी हासिल गर्ने विद्यार्थी र उत्कृष्ट शिक्षण गर्ने शिक्षकलाई पुरस्कारको व्यवस्था गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।सामुदायिक विद्यालयका कर्मचारी, कार्यालय सहयोगी र बाल विकास केन्द्रका सहजकर्तालाई पोषाक भत्ता उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरिएको छ ।गाउँपालिकामा उत्कृष्ट नमूना विद्यालय छनौट गरी अनुदान दिन रु ६ लाख विनियोजन गरिएको छ ।गाउँपालिका क्षेत्रभित्र ३ वटा छात्रावास निर्माण गर्न आगामी आ.व.मा रु ९ लाख विनियोजन गरिएको छ । शिक्षकको अभाव रहेका विद्यालयमा शिक्षक व्यवस्था गर्न कार्यविधिको आधारमा वितरण गर्ने गरी रु.४० लाख अनुदान रकम विनियोजन गरिएको छ ।विद्यालयहरुका पूर्वाधार निर्माण तथा

४ वटा बाल उद्यान (children park ) निर्माण गर्ने आवश्यक रकम विनियोजन गरिएको छ ।आगामी आर्थिक वर्षमा शिक्षा तर्फ कुल रु.१ करोड ३० लाख २६ हजार ८ सय रुपैया विनियोजन गरिएको छ ।

निशुल्क औषधि वितरण तथा गाउँपालिकामा स्वास्थ्य प्रयोगशाला स्थापना गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।स्वास्थ्य स्वयंमसेविकालाई यातायात तथा खाजा खर्च व्यवस्था गर्ने गरी आवश्यक रकम विनियोजन गरिएको छ ।सुनौला हजार दिनका आमाहरुलाई गर्भ र बच्चा परिक्षण साथै स्वास्थ्य संस्थामा सुत्केरी हुन प्रोत्साहन गर्न पौष्टिक आहार वितरणको लागि रु ४ लाख विनियोजन गरिएको छ ।आगामी आर्थिक वर्षमा स्वास्थ्य तर्फ कुल ४५ लाख ६६ हजार रकम विनियोजन गरिएको छ ।

गाउँपालिका क्षेत्रमा प्लाष्टिक जन्य नकुहिने फोहोर व्यवस्थापन गर्न साविक गा.वि.स.का प्रत्येक वडाहरुमा एक-एक वटा फोहोर संकलन केन्द्र स्थापना गर्न रु ९ लाख रकम विनियोजन गरिएको छ ।विभिन्न सार्वजनिक र पर्यटकीय स्थलहरुमा ५ वटा सार्वजनिक शौचालय निर्माण गर्न रु.१५लाख रकम विनियोजन गरिएको छ ।आगामी आर्थिक वर्षमा गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्ने गरी सूचक पूरा गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।सरसफाई सम्बन्धी तालिम र "सरसफाई सहजकर्ता " को पारिश्रमिकको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।धस्मर, करिमेला, दरेलडाँडा, सिरमु गैरा, मच्छर लगायत स्थानहरुमा खानेपानीको व्यवस्था गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।आगामी आ.व.मा खानेपानी तथा सरसफाईको निमित्त कुल रु.७९ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।

स्थानीय संस्कृतिको प्रवर्द्धन र जगेर्ना गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।समुदायमा आधारित आयोजनाहरु सञ्चालन गरी पूर्वधार, कृषि तथा पर्यटन क्षेत्रमा कामको आधारमा पारिश्रमिक दिई बेरोजगारहरुलाई रोजगार प्रदान गर्ने कार्यक्रमको निमित्त रु ५० लाख रकम विनियोजन गरिएको छ ।भलिबल, धनुषवाण तथा एथ्लेटिक्स खेलहरुमा युवाहरुलाई तालिम, खेलकुद सामाग्री तथा पुरस्कार प्रदान गर्न रु .११ लाख रकम विनियोजन गरिएको छ ।आगामी आर्थिक वर्षमा युवा तथा खेलकुद कार्यक्रमको लागि कुल रु .७१ लाख ५० हजार रुपैया विनियोजन गरिएको छ । एकल र विपन्न वर्गका महिलाहरुलाई "उपाध्यक्ष महिला उत्थान कार्यक्रम " सञ्चालन गरी आयआर्जन बृद्धि गर्न आयआर्जन कोष अनुदान र तालिम प्रदान गर्ने गरी रु १२ लाख ५० हजार रकम विनियोजन गरिएको छ । महिलाहरुलाई तालिम, समूह गठनद्वारा सशक्तिकरण गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।ज्येष्ठ नागरिकहरुलाई सम्मान, अपाङ्ग व्यक्तिहरुलाई सामाग्री खरिद, बालविवाह न्यूनिकरण गर्न आवश्यक कार्यक्रमको लागि रकम विनियोजन गरिएको छ ।आगामी आर्थिक वर्षमा लैंगिक समानता तथा सामाजिक समावेशिकरण तर्फ ३७ लाख २५ हजार रकम विनियोजन गरिएको छ ।

दलित समुदायको आर्थिक, सामाजिक, शैक्षिक स्तरको अवस्था पहिचान गर्न तथ्याङ्क संकलन तथा छुवाछुट अन्त्यको लागि सहभोज कार्यक्रम तथा दलित र गैरदलित विवाहलाई प्रोत्साहन गर्न आवश्यक रकम विनियोजन गरिएको छ । जनजातीहरुको रितीरिवाज झल्किने गरी डकुमेन्ट्री निर्माण गर्न रु.५ लाख रकम विनियोजन गरिएको छ ।जनजातीहरुमा देखाईने परम्परागत नाचगानको संरक्षण गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

### ३. पूर्वाधार निर्माण

आगामी आर्थिक वर्षमा पूर्वाधार निर्माणलाई रु.३ करोड २६ लाख २५ हजार रकम विनियोजन गरिएको छ ।प्रमुख सडकहरुमा बाह्रै महिना सवारी चल्ने गरी स्तरोन्नती गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।अर्गल देखि टेलिकम टावर सम्म जोड्ने पर्यटन मार्ग निर्माण गर्न १५ लाख रकम विनियोजन गरिएको छ। भुस्कात-माझखर्क मोटरबाटो स्तरोन्नतीको लागि रु १५ लाख रकम विनियोजन गरिएको छ ।आगामी आ.व.मा सडक तथा पुलको निमित्त रु २ करोड २५ लाख २५ हजार रकम विनियोजन गरिएको छ ।धप्ल्याङ्ग सिचाई कुलो मर्मत, पातल कटेरी सिचाई, ईदि सिचाई, फिलमिरे सिचाई, औलादी सिचाई को निमित्त आवश्यक रकम विनियोजन गरिएको छ ।फेदी सामुदायिक भवन, असमुखे सामुदायिक भवन, सिंगुजी सामुदायिक भवन, बराहखोला सामुदायिक भवन निर्माणको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।आगामी आर्थिक वर्षमा भवन निर्माण तर्फ कुल रु ५९ लाख रकम विनियोजन गरिएको छ । उज्यालो गाउँपालिका निर्माणको निमित्त ग्रामिण विद्युतिकरण कार्यक्रम सञ्चालन गर्न रु ३५ लाख रकम विनियोजन गरिएको छ ।

### ४ वातावरण तथा विपद व्यवस्थापन

वातावरण तथा विपद व्यवस्थापन गर्न विपद व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ।आगामी आर्थिक वर्षमा वातावरण तथा विपद व्यवस्थापन तर्फ रु.२२ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।

### ५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन

आगामी आर्थिक वर्षमा गाउँपालिकाका सबै वडाहरुमा स्तरिय ईन्टरनेट जडान तथा स्तर उन्नतीको लागि रु.५ लाख रकम विनियोजन गरिएको छ ।गाउँपालिकामा सम्पत्ती कर लागु गर्न आवश्यक सफ्टवयर तथा मेसिन खरिद गरि सम्पत्ती कर कार्यान्वय गर्न रु.७ लाख रकम विनियोजन गरिएको छ ।सबै वडा

कार्यालय र गाउँपालिकामा विद्युतिय हाजिरी, जनप्रतिनिधिहरुलाई सुचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना तथा तालिम सञ्चालन गर्न रु.६ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।गाउँपालिकामा कार्यरत करार तथा अस्थायी कर्मचारीहरुलाई पोषाक उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरिएको छ ।गाउँ कार्यपालिकाको कार्यालयमा **C.C T.V** जडान गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।आगमी आर्थिक वर्षमा सुशासन संस्थागत विकास तथा सेवा प्रवाह तर्फ ५५ लाख ६० हजार रकम विनियोजन गरिएको छ ।

आगामी आर्थिक वर्षमा विनियोजन भएको चालु खर्चको विवरण तथा कार्यान्वयन हुने आयोजनाहरुको विवरण यसै साथ संलग्न गरी पेश गरेको छु ।

आगामी आर्थिक वर्षमा प्रदेश तथा नेपाल सरकार सँगको साझेदारीमा आयोजना कार्यान्वयन गर्न समपूरक कोषमा रु.२ करोड रकम विनियोजन गरिएको छ ।आगामी आर्थिक वर्षमा ढुंगाखानीहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरि राजश्व बाँडफाँड तर्फ गाउँपालिकालाई प्राप्त हुने रकम रु.३० लाख बृद्धिहुने अनुमान गरिएको छ ।गाउँपालिकाको आन्तरिक आम्दानी सम्पत्ती कर लागु भएपछी चालु आ.व. को भन्दा बढी हुने अपेक्षा गरिएको छ ।

उल्लेखित बजेट कार्यान्वयनबाट गाउँपालिकामा रहेका प्रमुख सडकहरुमा बाह्रै महिना सवारीसाधन गुड्ने अपेक्षा गरिएको छ भने ताराखोला भ्रमण वर्ष २०७७ को तयारी स्वरुप आवश्यक पूर्वाधारहरु तयार हुने अपेक्षा गरिएको छ ।गाउँपालिकामा रहेका विपन्न, दलित, जनजाती, महिला हरुको आर्थिक सामाजिक स्तर सुधार, गाउँपालिकाका प्रमुख सार्वजनिक पूर्वाधारहरुमा निर्माण हुने अपेक्षा गरिएको छ ।आगामी आर्थिक वर्षको प्रस्तुत बजेट तर्जुमा गर्न प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी साथीहरु, राजश्व परामर्श समितिका पदाधिकारी ज्यूहरु, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका पदाधिकारी ज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारी ज्यूहरु, राजनैतिक दलका पदाधिकारीहरु, पत्रकारहरु, शिक्षकहरु र गाउँपालिकाका सम्पूर्ण आम जनसमुदायहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।।